**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. पश्चिम बंगालमा विशेष गहन संशोधन प्रक्रिया र न्यायिक छानबिन पूरा भएपछि, राज्यको मतदाता नामावलीबाट लगभग ९० लाख ८३ हजार मतदाताको नाम हटाइएको छ।

२. पश्चिम बंगाल विधानसभा चुनाउ- 2026 को पहिलो चरणको लागि मतदाता सूचीलाई सोमवार मध्यरात्रिदेखि फ्रीज गरिएको छ।

३. पश्चिम बंगाल विधानसभा चुनावलाई ध्यानमा राख्दै प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि ९ अप्रेलमा आसनसोलमा चुनावी र्‍याली गर्नुहुनेछ।

४. पश्चिम बंगाल विधानसभा चुनावको लागि कांग्रेस पार्टीले आफ्नो घोषणापत्र जारी गरेको छ|

५. वरिष्ठ कांग्रेस नेता जयराम रमेशले तृणमूल कांग्रेस र भाजपा एउटै सिक्काका दुई पाटा भएको र पश्चिम बंगालका जनतालाई अब नयाँ विकल्पको आवश्यकता रहेको बताउनु भयो।

**बंगाल विधानसभा चुनाउ - मतदाता सूची फ्रीज**

पश्चिम बंगाल विधानसभा चुनाउ- 2026 को पहिलो चरणको लागि मतदाता सूचीलाई सोमवार मध्यरात्रिदेखि फ्रीज गरिएको छ। मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले स्पष्ट पार्नु भएको छ, समय-सीमापछि न्यायाधिकरणको आदेश अनुरूप सूचीमा नाम सामेल नगरिएका मानिसहरूले यस चरणमा मतदान गर्न सक्ने छैनन्। यदि कुनै मतदाताको नाम न्यायाधिकरणको आदेशमा पछि जोड़िन्छ भने उसले भविष्यको चुनाउमा मतदान गर्ने सक्नेछ, तर यस चरणमा होइन। निर्वाचन आयोग अनुसार पुनरीक्षण प्रक्रिया अन्तर्गत 60 लाख मतदाताहरूको नाम जाँच गरिएको थियो जसमध्ये 58 लाख मामिलालालाई न्यायिक अधिकारीहरूले सुल्झाए। तथापि हटाइएका नामहरूको सठीक संख्या नबताइए पनि संकेत दिइयो कि विचाराधिन मामिलाहरूमा लगभग 45 प्रतिशत मामिलामा नाम हटाउनसक्छ। यस हिसाबले लगभग 27 लाख मतदाताहरूको नाम सूचीबाट हट्ने सम्भावना छ। प्रभावित मतदाताहरूलाई न्यायाधिकरणमा अपील गर्ने विकल्प दिइएको भए पनि आम मानिसहरूको लागि न्यायाधिकरणले पूर्ण रूपले कहिलेदेखि काम शुरू गर्नेछ, त्यसलाई लिएर अहिले पनि अनिश्चितता नै छ।

**लगभग ९० लाख ८३ हजार मतदाताको नाम हटाइयो**

पश्चिम बंगालमा विशेष गहन संशोधन प्रक्रिया र न्यायिक छानबिन पूरा भएपछि, राज्यको मतदाता नामावलीबाट लगभग ९० लाख ८३ हजार मतदाताको नाम हटाइएको छ। निर्वाचन आयोगले जारी गरेको तथ्याङ्क अनुसार, यो जम्मा मतदाता जनसंख्याको लगभग ११.८५ प्रतिशत हो। यद्यपि, संशोधित अन्तिम मतदाता गणनाको बारेमा औपचारिक घोषणा हुन बाँकी छ। आयोगबाट उपलब्ध तथ्याङ्क अनुसार, गत वर्ष अक्टोबरको अन्त्यसम्ममा राज्यमा जम्मा ७ करोड ६६ लाख मतदाता दर्ता भएका थिए। संशोधन प्रक्रिया सुरु भएपछि २८ फरवरीमा जारी गरिएको अन्तरिम तथ्याङ्कले संकेत गरेको छ कि लगभग ६३ लाख ६६ हजार नामहरू पहिले नै हटाइएको छ, जसले गर्दा मतदाता गणना लगभग ७ करोड ४ लाखमा झरेको छ। यस मतदाता आधारभित्र ६० लाख ६ हजार मतदाताहरूलाई "न्यायिक छानबिन" को श्रेणीमा राखिएको थियो।

न्यायिक अधिकारीहरूद्वारा गरिएको प्रमाणीकरणपछि यी ६० लाख ६ हजार मुद्दाहरूमध्ये २७ लाख १६ हजार मतदाताको नाम हटाइएको थियो; यो छानबिन अन्तर्गत रहेका जम्मा मुद्दाहरूको लगभग ४५.२२ प्रतिशत हो। यसको विपरीत, योग्य ठहरिएपछि ३२ लाख ६८ हजार मतदाताहरूलाई अन्तिम सूचीमा राखिएको छ। आयोगका अनुसार, न्यायिक छानबिन अन्तर्गत रहेका कुल ५९ लाख ८४ हजार मुद्दाहरूको औपचारिक विवरण जारी गरिएको छ, जबकि २२ हजार १६३ मुद्दाहरू खारेज गरिएका छन् तर अझै पनि ई-हस्ताक्षर प्रक्रियाको पर्खाइमा छन्। जिल्ला स्तरमा, सबैभन्दा धेरै हटाउने संख्या मुर्शिदाबाद जिल्लामा भएको थियो, जहाँ न्यायिक छानबिनको अधीनमा रहेका ११ लाख १ हजार मतदाताहरूमध्ये ४ लाख ५५ हजारको नाम सूचीबाट हटाइएको थियो।

## प्रधानमन्त्रीको आसनसोलमा चुनावी ऱ्याली

पश्चिम बंगाल विधानसभा चुनावलाई ध्यानमा राख्दै प्रधानमन्त्री नरेन्द्र मोदीले ९ अप्रिलमा आसनसोलमा चुनावी ऱ्याली गर्नुहुनेछ। हिजो पश्चिम वर्धमानका भाजपा जिल्ला अध्यक्ष देवतनु भट्टाचार्यले घोषणा गर्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदी ९ अप्रिलमा आसनसोलको पवित्र माटोमा आइपुग्ने कार्यक्रम छ। यो घोषणाले पार्टी कार्यकर्ता र समर्थकहरूमा ठूलो उत्साह उत्पन्न गरेको छ। उहाँले भन्नु भयो, यो सार्वजनिक ऱ्याली आसनसोलको पोलो ग्राउन्डमा आयोजना गरिनेछ, जुन शहरको एक प्रमुख र ऐतिहासिक स्थल मानिन्छ। प्रधानमन्त्रीले यस स्थानमा पहिले धेरै ऱ्यालीहरू गरिसकेकाले, यो कार्यक्रमको लागि फेरि एक पटक छनोट गरिएको छ। ऱ्यालीमा ठूलो भीड लाग्ने अपेक्षा गरिएको छ, आसनसोलका सबै सात विधानसभा क्षेत्रहरू साथै दुर्गापुर, पुरुलिया र वरपरका क्षेत्रहरूबाट मानिसहरू आउने अपेक्षा गरिएको छ।

कार्यक्रममा एक लाखभन्दा बढी मानिसहरूको भीड जम्मा हुन सक्ने अनुमान गरिएको छ। आयोजकहरूका अनुसार, मानिसहरू बिहान १०:३० बजेदेखि नै आउन सुरु हुने अपेक्षा गरिएको छ, जबकि प्रधानमन्त्रीको कार्यक्रम दिउँसो १२:०० बजे सुरु हुने तालिका छ, जसमा उनको सम्बोधन लगभग १:१५ बजेसम्म जारी रहने अपेक्षा गरिएको छ।

## विधानसभा चुनावको लागि कांग्रेस घोषणापत्र जारी

पश्चिम बंगाल विधानसभा चुनावको लागि आफ्नो घोषणापत्र जारी गर्दै, कांग्रेस पार्टीले 'नेहरूवादी मध्यमार्ग' लाई राज्यका जनताको तेस्रो विकल्पको रूपमा प्रस्तुत गरेको छ। पार्टीका राष्ट्रिय अध्यक्ष मल्लिकार्जुन खड्गेले हिजो प्रदेश कांग्रेस मुख्यालयमा वरिष्ठ नेताहरूको उपस्थितिमा यो चुनावी घोषणापत्र जारी गर्नुभयो। यस अवसरमा श्री खड्गेले स्पष्ट पार्नु भयो, विगत २० वर्षमा पहिलो पटक कांग्रेस आफ्नै शक्तिमा बंगालमा चुनाव लडिरहेको छ। सत्तारुढ दल र मुख्य विपक्षी - भाजपा - दुवैमाथि कडा आक्रमण गर्दै राष्ट्रिय अध्यक्षले भन्नु भयो, विगत १५ वर्षदेखि राज्य 'भ्रष्टाचार र नियन्त्रण' को राजनीतिमा फसेको छ। उहाँले जोड दिनु भयो, भाजपा केवल ध्रुवीकरण, घृणा र हिंसाको राजनीतिमा संलग्न छ, जसले बंगालको आर्थिक संरचनालाई ध्वस्त पारेको छ। कांग्रेसको घोषणापत्रले बंगालको अर्थतन्त्रलाई पुनर्जीवित गर्ने र रोजगारी सिर्जना गर्ने कुरामा विशेष जोड दिन्छ।

## वरिष्ठ कांग्रेस नेता जयराम रमेश

वरिष्ठ कांग्रेस नेता जयराम रमेशले हिजो तृणमूल कांग्रेस र भाजपामाथि कडा आक्रमण गर्नु भयो। उहाँले दुवै दल एउटै सिक्काका दुई पाटा भएको र पश्चिम बंगालका जनतालाई अब नयाँ विकल्पको आवश्यकता रहेको बताउनु भयो। उहाँले भन्नु भयो, २० वर्षपछि कांग्रेसले आफ्नै बलबुतामा राज्यमा चुनाव लडेर जनतासामु "तेस्रो बाटो" प्रस्तुत गरिरहेको छ। पश्चिम बंगाल विधानसभा चुनावको लागि कांग्रेसको घोषणापत्रको विमोचनका लागि आयोजित पत्रकार सम्मेलनमा श्री रमेशले भाजपाले रवीन्द्रनाथ टैगोरको अपमान गरेको आरोप पनि लगाउनु भयो। उहाँले आरोप लगाउनु भयो, भाजपाले राष्ट्रिय गान "जन गण मन" लाई हटाउन चाहन्छ। श्री रमेशले उल्लेख गर्नु भयो, लगभग दुई दशकपछि कांग्रेसले राज्यमा स्वतन्त्र रूपमा चुनाव लड्ने निर्णय गरेको छ - यो एक महत्वपूर्ण राजनीतिक कदम हो। उहाँले भन्नु भयो, पार्टीले राज्य भित्र विकास, लोकतन्त्र र सामाजिक सद्भावसँग सम्बन्धित मुद्दाहरूलाई उजागर गरेर जनतामाझ पुगिरहेको छ।

## सांसद कंगना रानावट

चलचित्र अभिनेत्री तथा हिमाचल प्रदेशको मण्डीबाट भारतीय जनता पार्टी (भाजपा)की सांसद कंगना रनौतले हिजो कोलकाताको प्रसिद्ध कालीघाट काली मन्दिरमा प्रार्थना गर्नु भयो र देवी कालीको आशीर्वाद लिनु भएको छ। २०२६ को पश्चिम

बंगाल विधानसभा चुनावको पृष्ठभूमिमा भएको उहाँको भ्रमणलाई धार्मिक र राजनीतिक दुवै दृष्टिकोणबाट महत्वपूर्ण मानिएको छ। मन्दिर पुगेपछि, कंगना रनौतले पूर्ण परम्परागत संस्कार र अनुष्ठानका साथ देवी कालीको पूजा गर्नु भयो। देवीको चरणमा शिर झुकाउँदै, उहाँले पश्चिम बंगाल र सम्पूर्ण राष्ट्रका जनताको सुख, समृद्धि र शान्तिको लागि प्रार्थना गर्नु भयो। मन्दिर परिसरभित्र उहाँले पुजारीहरूबाट आशीर्वाद पनि लिनु भयो र राज्यको सांस्कृतिक परम्पराको लागि आफ्नो प्रशंसा व्यक्त गर्नु भयो।
कंगना रनौतले यो भ्रमण केवल धार्मिक तीर्थयात्रा मात्र नभएर आस्था, संस्कृति र आध्यात्मिक भावनाको संगम भएको बताउनु भयो। बंगालको धार्मिक सम्पदालाई समृद्ध र जीवन्त बताउँदै उहाँले यस क्षेत्रको परम्पराले सम्पूर्ण देशको लागि प्रेरणाको स्रोतको रूपमा काम गर्ने बताउनु भयो।

**मुख्यमन्त्री ममता ब्यानर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आरोप लगाउनु भयो, राज्यमा विशेष गहन पुनरीक्षण प्रक्रिया पश्चात मतदाता सूचीबाट मतुआ र अल्पसंख्यक समुदायका मानिसहरूको नाम हटाइएको छ। नदिया जिल्लाको चकदामा आयोजित एक चुनावी सभालाई सम्बोधन गर्नु हुँदै उहाँले भन्नु भयो, तृणमूल कंग्रेस ती मानिसहरूको साथमा रहनेछ जसको नाम यस विशेष पुनरीक्षण अभियानपछि मतदाता सूचीबाट हटाइएको छ। मुख्यमन्त्रीले दाबी गर्नु भयो, यो कारबाही विशेष समुदायलाई लक्षित गरेर गरिएको हो जसमा मतुआ, राजबंशी र अल्पसंख्यक वर्ग सामेल छन्। उहाँले भन्नु भयो, उहाँको पहल पश्चात उच्चतम न्यायालयमा मामिला उठाइयो जसको परिणामस्वरूप विचाराधिन लगभग 60 लाख मामिलामध्ये लगभग 32 लाख नामलाई फेरि मतदाता सूचीमा जोड़ियो।
यसबीच चुनाउ आयोगको नवीनतम आँकड़ा अनुसार विशेष गहन पुनरीक्षण प्रक्रियापछि राज्यमा लगभग 91 लाख मतदाताहरूको नाम मतदाता सूचीबाट हटाइएको छ।

**देशमा पर्याप्त स्टक**

पश्चिम एशियाली संकटबीच केन्द्र सरकारले हिजुओ जानकारी गराएको छ, देशमा पेट्रोल, डिजेल, एलपीजी र पीएनजीको आपूर्ति स्थिर छ र इन्धन स्टेशनहरूमा पर्याप्त स्टक छ। हाम्रा रिफाइनरीहरूले राम्रो प्रदर्शन गरिरहेका छन्, केहीले त सय प्रतिशतभन्दा बढ़ी क्षमतामा पनि सञ्चालन गरिरहेका छन्।

**डा मणिकुमार छेत्रीको निधनमा श्रद्धाञ्जली**

गोर्खा जन पुस्तकालय खरसाङले डा. मणिकुमार छेत्रीको निधनमा गहिरो शोक प्रकट गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ। चिकित्सा विज्ञानमा किम्बदन्ती बनिसकेका डा. मणिकुमार छेत्री 106 वर्षको उमेरमा गत 5 अप्रेलको दिन भएको निधनले केवल गोर्खा समाज मात्र नभई भारतीय आयुर्विज्ञान जगत नै स्तब्ध भएको छ।

****** ० ******